**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

1) मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले हिज नयाँ दिल्लीमा भारतको निर्वाचन आयोगको प्रतिनिधित्व गर्ने अधिवक्ताहरुको राष्ट्रीय सम्मेलनको उद्घाटन गर्नुभयो।

2) राष्ट्रीय जनतांत्रिक गठबंधन-एनडीए शासित राज्यहरुका मुख्यमंत्री अनि उप मुख्यमंत्रीहरुले आज दिल्लीमा सुशासन माथि आयोजित विचार सत्रमा भाग लिनेछन्।

3) विकसित कृषि संकल्प अभियान यसै महिनाको 29 तारीख देखि ओडिशाको पुरीमा शुरू हुनेछ।

4) ब्रिक्स देशहरुका संस्कृति मंत्रिहरुको बैठक भोलि देखि ब्राजीलमा सुरु हुनेछ।

5) युवा कार्य अनि खेल मंत्री मनसुख मांडवियाले भन्नुभएको छ कि सरकारले प्रत्येक वर्ष पूर्वोत्तरका आठ राज्यहरु मद्धे कुनै एक राज्यमा खेलो इंडिया पूर्वोत्तर खेलहरुको आयोजन गर्नेछ।

6) जर्मनीको सुहलमा जूनियर विश्वकप निशानेबाजीमा भारतका सांभवी श्रवण क्षीरसागरले महिलाहरुको दस मीटर एयर राइफल स्पर्धामा स्वर्ण पदक जीतेका छन्।

**चुनाव आयोग सम्मेलन**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले हिज नयाँ दिल्लीमा भारतको निर्वाचन आयोगको प्रतिनिधित्व गर्ने अधिवक्ताहरुको राष्ट्रीय सम्मेलनको उद्घाटन गर्नुभयो। सर्वोच्च न्यायालय अनि देशभरिमै यसको पीठहरु सहित 28 उच्च न्यायालयहरुका वरिष्ठ अधिवक्ताहरु बाहेक सबै राज्यहरु अनि केंद्र शासित प्रदेशहरुका अधिकारिहरु अनि 36 मुख्य कार्यकारी अधिकारिहरुले सम्मेलनमा भाग लिए। यस पहलको उद्देश्य आयोगको कानूनी ढांचालाई बलियो बनाउनु अनि नयाँ दिशा दिनु हो, ताकि नयाँ चुनौतिहरुको सामना प्रभावी ढंगमा गर्न सकियोस्। सम्मेलनमा विरोधाभासहरुबाट टाडो रहने अनि सुनवाईको लागी पर्याप्त अवसर दिनु माथि जोर दिईयो। एक दिनको यस सम्मेलनमा आयोग अनि देशभरिका प्रमुख कानूनी पेशेवरहरु बीच संवाद अनि विचार-विमर्शको एक महत्वपूर्ण अवसर उपलब्ध भएको छ। यो भागीदारी चुनावी प्रक्रियालाई कानूनी संसाधनहरु अनुरूप बनाउने दिशामा चुनाव आयोगको महत्वपूर्ण कदम हो। सम्मेलनमा चुनावी कानून, न्यायिक कार्यवाही अनि कानूनी सुधारहरुसित सम्बन्धित मुद्दाहरु माथि विशेष चर्चा गरियो।

**एनडीए-शासन**

राष्ट्रीय जनतांत्रिक गठबंधन-एनडीए शासित राज्यहरुका मुख्यमंत्री अनि उप मुख्यमंत्रीहरुले आज दिल्लीमा सुशासन माथि आयोजित विचार सत्रमा भाग लिनेछन्। प्रधानमंत्री नरेन्द्र मोदीले बैठकको अध्यक्षता गर्नुहुनेछ। भाजपा अध्यक्ष जगत प्रकाश नड्डा, गृहमंत्री अमित शाह अनि रक्षामंत्री राजनाथ सिंहले पनि विचार-विमर्शमा भाग लिनुहुनेछ।

BYTE

**विकसित कृषि संकल्प अभियान-शिवराज**

कृषि अनि किसान कल्याण मंत्री शिवराज सिंह चौहानले भन्नुभएको छ कि विकसित कृषि संकल्प अभियान यसै महिनाको 29 तारीख देखि ओडिशाको पुरीमा शुरू हुनेछ। यस राष्ट्रव्यापी अभियानको परिधिभित्र देशको सात सय जिल्लाहरु आउनेछन् अनि वैज्ञानिकहरुको एक दल गांउ-गांउ गएर कृषकहरुसित सीधा संपर्क गर्नेछन्। नयाँ दिल्लीमा देशभरिबाट आएका कृषि वैज्ञानिकहरुलाई संबोधित गर्दै उहाले भन्नुभयो -यस अभियानमा 731 कृषि विज्ञान केन्द्र, भारतीय कृषि अनुसंधान संस्थान परिषदका 113 संस्थान, राज्य स्तरीय विभाग तथा कृषि, बागवानी, पशु-पालन, मत्स्य पालन अधिकारिहरु साथै नयाँ प्रयोग गर्न इच्छुक कृषकहरुले भाग लिनेछन्। श्री चौहानले भन्नुभयो कि स्वतन्त्रता पछि पहिलो पल्ट सरकारले कृषकहरुसित सीधा संपर्क गरिरहेको छ। यो राष्ट्रव्यापी अभियानले देशका लगभग डेढ़ करोड़ किसानहरुलाई सिधा जोड्ने उहाले अझ बताउनुभयो।

## सर्वदलीय प्रतिनिधिमण्डल

पहलगाम आक्रमणपछि आतंकवाद विरुद्ध भारतको अपरेशन सिन्दूरमा विश्वव्यापी राजनयिक पहुँचका लागि गठित सर्वदलीय प्रतिनिधिमण्डलले विभिन्न देशहरूको भ्रमण गरिरहेको छ। जनता दल युनाइटेडका सांसद संजय झाको नेतृत्वमा एक प्रतिनिधिमण्डल हिजो साँझ टोकियोबाट दक्षिण कोरियाको सोल पुगेको छ। यो भ्रमणले कुनै पनि रूपमा आतंकवाद विरुद्ध शून्य सहनशीलता अपनाउने भारतको सिद्धान्त र संकल्पलाई अझ बलियो बनाउनेछ। प्रतिनिधिमण्डलले दक्षिण कोरियाली विदेश मन्त्रालयका वरिष्ठ अधिकारीहरू, राष्ट्रिय सभाका प्रतिनिधिहरू, साथै प्रमुख विचार समूहहरू र मिडिया प्रतिनिधिहरूसँग भेट गर्नेछ। डीएमके सांसद कनिमोईको नेतृत्वमा रहेको सर्वदलीय प्रतिनिधिमण्डलले हिजो मस्कोस्थित भारतीय दूतावासमा संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गरेको थियो। सुश्री कानिमोईले पहलगाम आतंकवादी हमला पाकिस्तानबाट भारतीय क्षेत्रमा प्रवेश गरेका आतंककारीहरूले गरेको तथ्यलाई ससक्त रूपमा अघि राख्नुभयो। उहाँले पाकिस्तानले संयुक्त राष्ट्र सुरक्षा परिषद्मा यस आक्रमणको जिम्मेवारी लिएको आतंकवादी संगठनको बचाउ गरेको बताउनुभएको छ। उहाँले भारतले आक्रमणको बदला लिँदै कुनै पनि नागरिकलाई हानि नपुगोस् भन्ने कुरा सुनिश्चित गरेको बताउनुभयो। प्रतिनिधिमण्डलले रुसी पत्रकार र मिडिया संस्थाहरूसँग पनि कुराकानी गरेका थियो।

## जयशंकर-जर्मनी

विदेश मन्त्री डा. एस जयशंकरले २२ मई देखि २४ मई सम्म जर्मनीको आफ्नो भ्रमण पूरा गर्नुभएको विदेश मन्त्रालयले हिज जनाएको छ। जर्मनीमा नयाँ सरकार गठन भएको एक महिना भित्र भएको यो भ्रमणले दुवै पक्षले द्विपक्षीय सम्बन्धलाई दिएको प्राथमिकतालाई प्रतिबिम्बित गर्दछ। भ्रमणको क्रममा डा. जयशंकरले चांसलर फ्रेडरिक मर्ज़ सँग भेट गर्नुभयो। उहाँले आफ्ना समकक्षी, संघीय गणतन्त्र जर्मनीका विदेशमन्त्री जोहान वेडफुलसँग व्यापक वार्ता गर्नुभयो र संघीय आर्थिक मामिला तथा ऊर्जामन्त्री क्याथरिना रेचे र संघीय चान्सलरका विदेश तथा सुरक्षा नीति सल्लाहकार गुन्टर साउटरसँग पनि भेट गर्नुभयो। चान्सलर मर्जसँगको भेटमा उहाँले जर्मनीको नयाँ संघीय सरकारलाई प्रधानमन्त्री नरेन्द्र मोदीको तर्फा बाट बधाई अनि शुभकामना व्यक्त गर्नुभयो।

## ब्रिक्स-संस्कृति

ब्रिक्स देशहरुका संस्कृति मंत्रिहरुको बैठक भोलि देखि ब्राजीलमा सुरु हुनेछ। संस्कृति अनि पर्यटन मंत्री गजेन्द्र सिंह शेखावतले भारतीय प्रतिनिधिमंडलको नेतृत्व गर्नुहुनेछ। बैठकमा ब्रिक्स देश- ब्राजील, रूस, भारत, चीन अनि दक्षिण अफ्रीकाका संस्कृति मंत्रीहरुले परस्पर संपर्क अनि सांस्कृतिक सहयोग बढ़ाउने विषयमा विचार-विमर्श गर्नेछन्। संयुक्त सांस्कृतिक परियोजनाहरु, संस्थागत भागीदारी अनि ब्रिक्स देशहरुका विविध धरोहरहरुलाई संरक्षित रखने प्रयासहरु माथि विशेष बल दिनेछ। विचार-विमर्शको क्रममा संस्कृति तथा पर्यटन मन्त्रीले सांस्कृतिक कूटनीति, सम्पदा संरक्षण र देशहरूबीच जनता-जनता सम्पर्क बढाउन भारतको प्रतिबद्धता माथि प्रकाश पर्नुहुनेछ।

## पूर्वोत्तर खेलो-मांडविया

युवा कार्य अनि खेल मंत्री मनसुख मांडवियाले भन्नुभएको छ कि सरकार प्रत्येक वर्ष पूर्वोत्तरका आठ राज्यहरु मद्धे कुनै एक राज्यमा खेलो इंडिया पूर्वोत्तर खेलहरुको आयोजन गर्नेछ। नयाँ दिल्लीमा उदाउदो पूर्वोत्तर निवेशक सम्मेलन 2025 लाई संबोधित गर्दै उहाले भन्नुभयो – सरकारको बिभिन्न पहलहरुको माध्यम द्वारा यस क्षेत्रमा खेल व्यवस्था दहिलो बनाउन प्रतिबद्ध छ। वर्ष 2030 मा राष्ट्रमंडल खेलहरु अनि 2036 मा ओलंपिक खेलहरुको आयोजनलाई ध्यानमा राख्दै खेल मंत्रीले भन्नुभयो कि वर्ष भरि अंतर्राष्ट्रीय प्रतियोगिताहरुको आयोजनको लागि भारत समुचित स्थान हो। सरकारले देश भरिमै बृहत स्तरमा प्रतिभा पहिचान अभियान शुरू गर्ने श्री मांडवियाले अझ बताउनुभयो। यस बाहेक कुनै पनि व्यक्तिले कुनै खेलाडीको प्रदर्शनको वीडियो बनाउन सक्नेछन् अनि राष्ट्रीय खेल रिपोजिटरी सिस्टम पोर्टलमा अपलोड गरेर खेल मंत्रालयलाई पठाउन सक्नेछन्। उहाले अझ भन्नुभयो -भारतीय खेल प्राधिकरणले नयाँ प्रतिभाहरुलाई प्रतियोगिता स्थलमा पठाउने छ अनि प्रदर्शनको मूल्यांकन पछि उनीहरुलाई खेलो इंडिया केंद्र वा राष्ट्रीय उत्कृष्टता केंद्रमा पठाईनेछ।

## विश्वकप निशानेबाजी

जर्मनीको सुहलमा जूनियर विश्वकप निशानेबाजीमा भारतका सांभवी श्रवण क्षीरसागरले महिलाहरुको दस मीटर एयर राइफल स्पर्धामा स्वर्ण पदक जीतेका छन्। यसै स्पर्धामा भारतकै ओजस्वी ठाकुरले रजत पदक प्राप्त गरेका छन्। यस भन्दा पुर्ब पुरूषहरुको दस मीटर एयर राइफल स्पर्धामा नारायन प्रणव वनिता सुरेशलाई कांस्य पदक प्राप्त भएको छ। मुकेश नेलावलीले पुरुषहरुको 25 मीटर रेपिड फायर पिस्टल स्पर्धामा रजत पदक आफ्नो नाम गरे। भारत पदक तालिकामा दुई स्वर्ण, तीन रजत अनि तीन कांस्य पदकहरु सहित कुल आठ पदक लिएर सबैभन्दा माथि छ।

## एक्स (X)

सोशल मीडिया प्लेटफर्म एक्स (X) का सेवाहरू हिजो लगातार तेस्रो दिन पनि अवरुद्ध भए। यो यस सेवामा अहिलेसम्मकै सबैभन्दा लामो अवरोध हो। २२ मई मा डाटा सेन्टरमा गडबडीका कारण एलोन मस्कको कम्पनी एक्स ( x) को सेवाहरू अवरुद्ध भएको थियो अनि भारत लगायत विश्वका धेरै भागहरूमा प्रयोगकर्ताहरूले उचित सेवा नपाएको गुनासो गरेका थिए। एक्स (X) को इन्जिनियरिङ टिमले डेटा सेन्टरको गडबडीलाई अवरुद्ध कारण बनाएको छ।

## आई.पी.एल.- क्रिकेट

आई.पी.एल. टी-ट्वेंटी क्रिकेटमा हिज राती जयपुरको सवाई मानसिंह स्टेडियममा **डेल्ही कैपिटल्सले पंजाब किंग्सलाई 6** विकेटले पराजित गरेको छ। पंजाब किंग्सले पहिला बल्लेबाजी गर्दै निर्धारित बीस ओवरमा आठ विकेटमा 206 रन बनाए। कप्तान श्रेयस अय्यरले अर्धशतक बनाए। डेल्ही कैपिटल्सको तर्फबाट मुस्तफिजुर रहमानले तीन विकेट लिए। जबकि विपराज निगम अनि कुलदीप यादवले दुई-दुई विकेट लिए। 208 रनको लक्ष्यलाई पछ्याउदै डेल्ही कैपिटल्सले समीर रिजवीको उत्कृष्ट अर्धशतकको कारण अंतिम ओवरमा जीत दर्ता गरे। रिजवीलाई **प्लेयर ऑफ-द-मैच** घोषित गरियो।आज साझ तीन बजेर तीस मिनेट जाँदा अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा गुजरात टाइटंसको भिडन्त चेन्नई सुपर किंग्ससित हुनेछ। साझ सात बजेर तीस मिनेट जाँदा दिल्लीको अरुण जेटली स्टेडियममा **सनराइजर्स हैदराबाद अनि कोलकाता नाइट राइडर्सको भिडन्त हुनेछ**।

## संशों मन की बात

प्रधानमंत्री नरेन्द्र मोदीले आज विहान 11 बजी आकाशवाणी बाट **मन की बात** कार्यक्रममा आफ्नु विचारहरु साझा गर्नुहुनेछ। यो यस मासिक रेडियो कार्यक्रमको 122औ संस्करण हो। कार्यक्रम आकाशवाणी अनि दूरदर्शनको अन्य नेटवर्क, एआइआर न्यूज वेबसाइट अनि न्यूज ऑन एआईआर मोबाइल ऐप मा पनि प्रसारित हुनेछ। आकाशवाणी समाचार, दूरदर्शन समाचार अनि प्रधानमंत्री कार्यालय तथा सूचना अनि प्रसारण मंत्रालयको यूट्यूब चैनलहरुमा पनि सीधा प्रसारित हुनेछ। आकाशवाणी बाट हिन्दी प्रसारण पछि **मन की बात** कार्यक्रमको सबै क्षेत्रीय भाषामा प्रसारण हुनेछ।